कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/१२/२७
प्रमाणीत मिति : २०७९/१२/२७

# विपन्न किसान प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७९

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

२०७९

## विपन्न किसान प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७९

प्रस्तावना: अति विपन्न कृषकहरुको निर्वाहमुखी र परम्परागत कृषि तथा पशुपन्छी पालनलाई मध्यनजर गरी सुधारिएको विधिहरु अवलम्बन गराउँदै कृषकको जिविकोपार्जनमा सुधार तथा पोषण सुरक्षामा टेवा पुर्याउने उद्धेश्यले सञ्चालन गर्न यस मनहरी गाउँपालिकाले विपन्न किसान प्रवर्द्धन कार्यक्रम संञ्चालन कार्यविधि, २०७९ बनाई लागु गरेको छ।

### परिच्छेद-१

प्रारम्भिक :

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "विपन्न किसान प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "आवेदक" भन्नाले कार्यवधि र सार्बजनिक सूचना मुताबिक गाउँपालिकाले अति विपन्न भनि सिफारिस गरेको कृषक/कृषक समूहलाई सम्झनु पर्छ।

(ख) "कार्यलय" भन्नाले मनहरी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता, चाहनाहरु र साझा उद्धेश्य प्राप्तिका लागि नियामनुसार दर्ता भएको संस्थालाई सम्झनु पर्दछ।

(घ) "प्रस्ताव" भन्नाले कार्यालयले सार्वजनिक गरेको अनुदान सम्बन्धी सूचना अनुसार आवेदकले निर्धारित ढाँचामा तयार गरी पेश गरेको अवधारणा पत्र तथा कार्ययोजना सहितको आवेदन सम्झनु पर्छ।

(ङ) "साझेदार संस्था" भन्नाले छनौट भई कार्यलय संग द्विपक्षीय सम्झौता गर्ने कृषि तथा पशुपन्छी पालनमा आवद्ध कृषक समूहलाई सम्झनु पर्दछ ।

३. उद्धेश्य: यस कार्यक्रमको उद्धेश्य देहाय बमोजिमको हुनेछ:-

(क) अति बिपन्न कृषकको जिविकोपार्जन सुधार गर्ने,

(ख) कृषि तथा पशुपन्छी पालनको उपलब्धता वृद्धि गरि आय आर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने।

मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रजैया, मकवानपुर, बागमती प्रदेश, नेपाल

रञ्जन कोलाखेती

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

४. संचालन गरिने क्रियाकलापहरु : (१) व्यावसायिक तरकारी उत्पादन कार्यक्रम : व्यावसायिक तरकारी उत्पादन कार्यक्रम अन्तर्गत तपसिलका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(क) उन्नत विउविजनमा सहयोग

(ख) व्यावसायक तरकारी खेती तथा रोग किरा सम्बन्धी स्तलगत तालिम

(ग) उन्नत खेती प्रविधिको विस्तार तथा यान्त्रिकरणमा सहयोग

(घ) विषादीको व्यवस्थापन र सहयोग

(ङ) प्राविधिक परामर्श

(च) संरक्षित घर निर्माण

(२) बाख्रापालन कार्यक्रम : बाख्रापालन कार्यक्रम अन्तर्गत तपसिलका क्रियाकलापहरु संचालन गरिनेछ ।

(क) खोर निर्माण तथा सुधार,

(ख) बाख्रा खरिद,

(ग) घाँस खेती विस्तार,

(घ) स्थलगत तालिम

(ङ) परिजिवी नियन्त्रण तथा खोप कार्य संचालन,

(च) प्राथमिक उपचारमा प्रयोग हुने औषधि खरिद ।

(३) उत्पादनसँग र उद्यमसँग जोडिएका सिंचाई पूर्वाधारका कार्यक्रमहरु

(४) परामपरागत पेशा, व्यावसाय तथा रैथाने वाली/बस्तुको प्रवर्द्धन

(५) अन्य कार्यक्रम:- यसको अलावा माग र स्थानिय सम्भावयताको आधारमा र जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न प्रोतसाहित गर्ने कार्यक्रम गर्न सकनेछ।

(६) पाडा पाडी वितरण

(७) उपदफा (१) ,(२), (३),(४),(५), (६) बमोजिमको कार्यक्रम संचालन गर्दा गाउँपालिकाले बढिमा ८५% सम्म अनुदान उपलब्ध गराउनेछ ।

५. विपन्न किसान प्रवर्द्धन कार्यक्रमका छनौटका आधारहरु:

विपन्न किसान प्रवर्द्धन कार्यक्रम सञ्चालनार्थ कृषक छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

(क) न्यून आय भएका वर्गहरु ।

(ख) आफ्नो जमिनको उत्पादनले वर्ष दिन खान नपुग्ने साथै आफ्नो जमिनबाट मात्र गुजारा गर्न नसक्ने ।

(ग) अरु कुनै सीप/तालिम प्राप्त नगरेको कृषि मजदुर ।

(घ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार वा अन्तर्गतका निकायमा पारिश्रमिक पाउने गरी परिवारका कुनै सदस्य नियुक्त नभएको वा मनोनयन नभएको ।

(ङ) यस अघि गाउँपालिका वा अन्य निकायबाट अनुदान प्राप्त नगरेका कृषक ।

(च) विगत ६ महिनादेखि परिवारका कुनै सदस्य बैदेशिक रोजगारीमा नगएको कृषक ।

(छ) माथिका सबै बुँदाहरुको आधारमा वडा समितिबाट विपन्न भनी निर्णय भएका कृषक ।

६. प्रस्ताव आह्वान: कार्यालयले यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदक संस्थाहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न ३० दिनको म्याद राखि अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुन: पन्ध्र(१५) दिनको समय राखी एक पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

७. प्रस्ताव दर्ता : यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार व्यक्ति/संस्थाले दफा ५ बमोजिमको समय सीमा भित्र सूचनामा उल्लेख भए अनुसारका कागजात सहित अनुसूची-२ बमोजिमको आवेदन पत्र र अनुसूची-३ बमोजिमको कार्ययोजना सहित आवेदन दर्ता गर्नु पर्नेछ ।

८. प्रस्ताव मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण: (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गरी स्थलगत प्रमाणिकरण पश्चात कार्यालयमा स्वीकृतिका लागी सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र मनहरी गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७९ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) उपदफा (१) अनुसारको गठित समसमितिले आवश्यक ठानेमा बढीमा २ जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९. प्रस्तावको जानकारी: स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/उजुरी गर्न सम्बन्धित संस्थालाई सात (७) दिनको समय सिमा राखी सूचना प्रकाशन गरिनेछ।

१०. सम्झौता: (१) स्वीकृत प्रस्तावका आवेदकहरुसँग कार्यालयले अनुसूची-४ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) तोकिएको अवधिभित्र द्विपक्षिय सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुन आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-३
## कार्यक्रम संचालनको आर्थिक पक्ष

११. भुक्तानी प्रक्रिया: (१) अनुदान रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएको कार्यहरुमा खर्च गर्न पाईने छैन । कार्यक्रम सञ्चालनको लागी बढीमा ९० प्रतिशत अनुदान प्रदान गरिनेछ।

(२) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि गाउँपालिकाबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन( भौतिक संरचनाको हकमा), बिल, भरपाई, सम्बन्धित वडा कार्यालयको सिफरिस र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागी अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा अनुदान रकममा नियमानुसार कर कट्टा गरि हुन आउने रकम साझेदारको बैंक खातमा भुक्तनी गर्नेछ ।

## परिच्छेद-४
## विवध

१२. अनुगमन तथा मूल्याङ्कन: यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मनहरी गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाले र आर्थिक विकास समितिले आवश्यक्ता अनुसार गर्न सक्नेछ।

१३. बाधा अड्काउ फुकाउन: यस कार्यविधिलाई आवश्यक्ता अनुसार पालिकाले संशोधन र परिमार्जन गर्न सक्नेछ।

१४. कारबाहीको व्यवस्था: साझेदारले समझौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाएमा कालो सूचिमा राखी दुई आर्थिक बर्ष सम्म संचालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन।

१५. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नामाडी, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडिया, मकवानपुर
बागमती प्रदेश, नेपाल

## <u>अनुसूची-१</u>

<u>(दफा ५ संग सम्बन्धित)</u>

## <u>प्रस्ताव आह्वानको सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मिति:........................

मनहरी गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अनुसार विपन्न किसान प्रवर्द्धन कार्यक्रम रहेकाले यस मनहरी गाउँपालिका अन्तर्गतका ईच्छुक कृषकले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र विपन्न किसान प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को अनुसूची-२ बमोजिमको आवेदन पत्र, अनुसूची-३ बमोजिमको कार्ययोजना र तपसिल अनुसारका कागजातहरु अनिवार्य रुपमा संलग्न राखी कृषि विकास शाखामा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. सम्बन्धित व्यक्तिको नागरिक्ताको प्रतिलिपि ।
२. कृषक समूहको दर्ताको प्रमाणपत्र ।
३. सम्बन्धित वडा कार्यालय निर्णय सहितको सिफारिस पत्र ।
४. कृषक समुहको बैठकको निर्णय प्रतिलीपि ।
५. सम्बन्धित वडा कार्यलयले अति बिपन्न कृषक भनि गरेको सिफारिस पत्र।
६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा) को स्वामित्व खुल्ने कागजात र भाडामा लिएको भए कम्तिमा ५ वर्षको सम्झौता पत्र ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडिया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती

# अनुसूची-[illegible]

## (दफा ६ सँग सम्बन्धित)

## आवेदन ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति....................

मनहरी गाउँपालिका

रजैया, मकवानपुर ।

विषय: प्रस्ताव पेश गरिएको बारे।

महोदय,

तहाँ कार्यालयको मिति............मा प्रकाशित सूचना अनुसार ..................................कार्यक्रम सञ्चालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निवेदन पेश गरेको छु । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरि कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता गर्दछु साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजपम सजायको भागिदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

संलग्न कागजातहरु,

१) .........................................

२) .........................................

औँठँ छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको नाम:

पद:

ठेगाना:

कृषक समूहको नाम:

सम्पर्क नं:

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

# अनुसूची-३

(दफा ६ सँग सम्बन्धित)

कार्ययोजना

१. आवेदक व्यक्तिको नाम तथा ठेगाना:

१.१ आवेदकको संस्थाको नाम तथा ठेगाना:

| | |
|---|---|
| आवेदकको संस्थाको नाम | |
| ठेगाना | |
| संस्था दर्ता भएको मिति र निकाय | |
| सम्पर्क व्यक्तिको नाम र पद | |
| सम्पर्क नं | |
| इमेल | |
| कार्यक्रम सञ्चालन हुने स्थान | |

१.२ कृषकको विवरण:

| क्र.स | नाम | पद | परिवारमा सदस्य संख्या | मूख्य आय श्रोत | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३ | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

२. प्रमुख बाली/बस्तुहरुको हालको क्षेत्रफल, उत्पादन विवरण:

| हालको प्रमुख बाली/बस्तुहरु | कुल क्षेत्रफल(हे./संख्या) | कुल उत्पादन(मे. टन) | अनुमानित बिक्री परिमाण(मे. टन) |
|---|---|---|---|
| तरकारी बाली | | | |
| खाद्यन्न बाली | | | |
| पशुपालन | | | |

३. जग्गा सम्बन्धी विवरण

| क्र.स | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता नं | कैफियत |
|---|---|---|---|---|
| (क) | | भौतिक संरचना | | |
| | | | | |
| | | | | |
| (ख) | | घाँस खेती | | |
| | | | | |
| | | | | |

४. वर्तमान समस्याहरु:

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

५. विगत ५ वर्ष यता नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिका तथा अन्तर्गतका निकायबाट कृषि, पशुपन्छी सम्बन्धी कार्यमा आर्थिक सहयोग गरे/नगरेको:

यदि गरेको भए उल्लेख गर्ने:

| क्र.स | आयोजना/परियोजनाको नाम | लागु भएको अवधि | लगानी क्षेत्र (कृषि/पशु/मत्स्यपालन) | अनुदान रकम | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-४

## विपन्न किसान प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता पत्र

कृषि तथा पशुपन्छी विकास शाखा द्धारा सञ्चालन गरिने आ.व..................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विपन्न किसान प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न मनहरी गाउँपालिकाको कार्यालय, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), कृषक/ कृषक समूह श्री ..................................................(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको.......................................व्यावसाय सञ्चालन गर्नेछ।
२. पहिलो पक्षले नियमित रुपमा व्यावसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।
३. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्य पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वमं आफै हुनेछ ।
४. निर्माण सम्बन्धि कार्य गर्दा कार्यक्रम सम्पन्न भए पश्चात बिल भरपाई, फोटो, सार्वजनिक परीक्षण पेश गरी सम्बन्धित वडा कार्यलयको सिफारिस भए पछि मात्र भुक्तानी गरिनेछ ।
५. यो सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

पहिलो पक्ष :
मनहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
नाम :
पद :
दस्तखत :
मिति :
कार्यालयको छाप :

दोश्रो पक्ष:
नाम:
पद:
दस्तखत:
मिति:
कृषक समूहको छाप: